# युनाईटेड इदी मर्दी एण्ड आर.बि. हाइड्रोपावर लिमिटेडको

## १४ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

युनाईटेड इदी मर्दी एण्ड आर.बि.हाइड्रोपावर लिमिटेडको मिति २०८०/१०/२१ गते दिउसो ४:०० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम देहायका बिषयहरुमा छलफल गर्न कम्पनीको **१४औं** वार्षिक साधारणसभा निम्न लिखित मिति, स्थान, र समयमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**१४ औ वार्षिक साधारण सभा हुने मिति, स्थान, र समय**

**मिति** : २०८०।११।१७ गते बिहिबार (February 29, 2024)

**स्थान** : आभ्या क्लब, घारीपाटन-१७ पोखरा, कास्की ।

**समय** : ११:०० बजे

**१४ औं वार्षिक साधारण सभामा छलफलका विषयहरु**

**क) साधारण प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यू बाट प्रस्तुत हुने आ.व.२०७९।०८० को वार्षिक प्रतिवेदन छलफल गरि पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७९।८० को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रभाव विवरण सहितको वित्तीय विवरणहरु (अनुसूचीहरु समेत) छलफल गरि पारित गर्ने ।

३. आ.व.२०८०।८१ को लेखापरीक्षण कार्यको लागी लेखापरीक्षक नियूक्ति एंव निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. सञ्चालक समितिबाट सिफारिस भए बमोजिम २०८० आषाढ मसान्त सम्मको सञ्चित मुनाफाबाट शेयरधनीहरुलाई चुक्ता पुँजिको ०.२८९ प्रतिशत का दरले हुने रु १२,१५,७९०। (अक्षरेपी बाह्र लाख पन्ध्र हजार सात सय नब्बे मात्र) नगद लाभांस (कर प्रयोजनको लागी) वितरणको प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्ताव**

१. सञ्चालक समितिबाट सिफारिस भए बमोजिम २०८० आषाढ मसान्त सम्मको सञ्चित मुनाफाबाट शेयरधनीहरुलाई चुक्ता पुँजिको ५.५० प्रतिशत का दरले हुने रु २,३१,००,०००। (अक्षरेपी दुई करोड एकतीस लाख मात्र) बराबरको बोनस शेयर वितरणको प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा ।

२. कम्पनीको प्रवन्धपत्र र नियमावलीमा शंशोधन गर्ने सम्बन्धमा ।

**(ग) विविध :**

**साधारण सभाको सन्दर्भमा शेयरधनी दर्ता किताब बन्द रहने सूचना :**

मिति २०८०।११।०४ गते यस कम्पनीको दाखिला खारेज दर्ता बन्द (Book Close) रहनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८०।११।०३ गते सम्म कारोवार भई प्रचलित कानुन बमोजिम शेयर नामसारी भई कायम शेयरधनीहरुले मात्र सभामा भाग लिन सक्ने छन् ।

**साधारण सभामा सम्बन्धी सामान्य जानकारी**

१) साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले आफ्नो शेयर प्रमाणपत्र वा आफ्नो परिचय खुल्ने कुनै प्रमाणपत्र अनिवार्य लिई आउनु पर्नेछ । संगठित संस्थावाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाको आधिकारिक पत्र पेश गर्नुपर्नेछ ।

२) सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुलाई सभा हुने दिन शेयर प्रमाणपत्रमा उल्लेखित परिचय पत्र नम्बर/हितग्राही (DMAT) खाता खोलिएको प्रमाण सहित साथमा लिई आउनुहुन अनुरोध छ ।

३) शेयरधनी महानुभावह्ररुको ठेगानामा हुलाक/कुरियरवाट पठाईने १४ औं वार्षिक साधारण सभाको प्रतिवेदन पठाइएको छ ।

४) साधारण सभामा भाग लिनको लागी प्रतिनिधि (प्रोक्सी) नियूक्त गर्न चाहने शेयरधनीहरुले प्रोक्सी फारम कम्पनीको केन्द्रिय कार्यालय, पोखरा-१७ कास्कीमा साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिनका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्के मूकर्रर गर्ने भएमा सोको लिखित सुचना सोही अवधिभित्र संस्थाको केन्द्रिय कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको ब्यक्ति समेत संस्थाको शेयरधनी हुनु पर्नेछ ।

५) प्रतिनिधि नियुक्त गरिसक्नुभएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नुभएमा प्रोक्सी दिई सकेको भएपनि त्यस्तो प्रोक्सी स्वत: बदर हुनेछ ।

६) नाबालक वा विक्षिप्त शेयरधनी ज्यूहरुका तर्फबाट संस्थाको शेयर लागत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको ब्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

७) शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा हुने दिनको १०:००बजे देखि खुल्ला रहनेछ ।

८) वार्षिक साधारणसभा सम्बन्धि थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय १७ पोखरा कास्कीमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ । थप जानकारीको लागि यस कम्पनीको Website : www.idimardihydro.com.np बाट प्राप्त गर्न सक्नुहुनेछ ।

**सञ्चालक समितिको आज्ञाले**

**कम्पनी सचिव**